स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सौगात मल्ल र सृष्टि श्रेष्ठ पुन: एकसाथ पर्दामा फर्किने तयारीमा छन्। अफस्क्रिनदेखि अनस्क्रिनसम्म यी दुईको चर्चा लामो समयदेखि हुँदै आएको छ। यस्तोमा, यी दुईले रिलमा जोडी बाँधेको फिल्म 'भाइरल गोर्खे' ले बुधबार रोचक र मर्मस्पर्शी ट्रेलर युट्युबमा सार्वजनिक गरेको छ। ट्रेलरले कथावस्तु र चरित्र चित्रणबारे संक्षिप्त प्रकाश पार्छ।

आजको विचार...



राज्य...
(दुई पेजमा)

डा. दिपेश घिमिरे



अभिनेत्री रेखा थापाले निर्माण गरेको फिल्म '३६ को आँकडा' नेपाली नयाँवर्ष २०८३ को छेकोमा आउने भएको छ। रेखाले सामाजिक सञ्जालबाट प्रदर्शन मिति घोषणा गरेकी हुन्। उनका अनुसार, सवीर श्रेष्ठ निर्देशित फिल्म २७ चैतदेखि देशब्यापी रिलिज हुनेछ। प्रदर्शन मिति घोषणा गर्दै रेखाले लेखेकी छन्, 'देश पाखण्डको दोस्रो अध्यायमा प्रवेश...। चलचित्र 'छत्तीसको आँकडा' आगामी चैत्र २७ गते देशव्यापी रुपमा रिलिज हुँदैछ।

❐ वर्ष ३१ अंक १५५ ❐ २०८२ पुस १७ गते बिहीबार 1 January 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-


# 'टोपी दिवस'का १३वर्ष

***बितेको १२ वर्षमा अनेकौं आरोह, अवरोह र विचार विमर्शहरु गरेर पार गरियो । तर अझै पनि टोपी दिवसको विषयमा थुप्रै प्रश्न र आलोचनाहरु आइरहेका छन् । नेपाली मौलिक संस्कृतीसँग जोडिएको टोपी नेपालीको सान र मानको प्रतिक समेत हो । तर यही टोपीको प्रयोग भने हिजो आज आधुनिकतासँगै हराउन पुगेको छ ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पुस १६/आज अङ्ग्रेजी नयाँ वर्ष २०२६ को पहिलो दिन १३ औं 'नेपाली टोपी दिवस' मनाइँदै छ । नेपाली टोपीको प्रवर्द्धन गर्नका लागि अङ्ग्रेजी नयाँ वर्षको पहिलो दिन पारेर यो दिवस मनाउन थालिएको हो । पाल्पासहित देशभर दिवस हर्षोउल्लासका साथ मनाउन लागिएको छ ।

जंगबहादुर राणाकी बहिनी डम्बरकुरमारीले आफ्ना दाजुलाई खुशी पार्न पहिलो पटक टोपी बनाएर उपहार दिएको संस्कृतविद्को भनाइ छ । नेपाल बाहिर रहेका नेपाली र नेपाली भाषीहरुले पनि नेपाली टोपी लगाउने गर्छन् । मुलुकमा पश्चिमा संस्कृतिको प्रभाव बढ्दै गएको भन्दै



केही युवाको अगुवाईमा २०७० सालदेखि हरेक वर्षको जनवरी १ लाई टोपी दिवस र पौष १७ गतेलाई राष्ट्रिय पोशाक दिवसको रुपमा मनाउन सुरु गरेका थिए । नेपालमा मात्रै नभइ विदेशमा समेत रहेका धेरै नेपालीले परम्परागत ढाका र भादगाउँले टोपी लगाएर सामाजिक सञ्जालमा तस्वीर पोस्ट गर्ने गरेका छन् । सदियौंदेखि नेपाली पहिचानको रुपमा रहेको दौरा सुरुवाल, टोपी र गुन्यूचोलोलाई तत्कालीन सरकारले राष्ट्रिय पोशाकको सूचीबाट हटाएपछि अभियानले नेपाली ढाका टोपी, भाद्गाउँले टोपीलाई राष्ट्रिय पहिचानका रुपमा घोषणा गरियोस् भन्ने मागसहित सरकारलाई दबाब दिँदै आएको छ । नेपाली टोपीको साइनो बंगलादेशको ढाका, काश्मीर, टर्की, कैलाश पर्वत र पाल्पासँग जोडिन्छ । विशेषत: भादगाउँले टोपी र ढाका टोपीलाई नेपाली टोपीका रुपमा लिने गरिन्छ । तर नेपालका विभिन्न समुदायले आ-आफ्नो पहिचान र परम्परा झल्किने खालका टोपी लगाउने गरेका छन् । बितेको १२ वर्षमा अनेकौं आरोह, अवरोह र विचार विमर्शहरु गरेर पार गरियो । तर अझै पनि टोपी दिवसको विषयमा थुप्रै प्रश्न र आलोचनाहरु आइरहेका छन् । नेपाली मौलिक संस्कृतीसँग जोडिएको टोपी नेपालीको सान र मानको प्रतिक समेत हो । तर यही टोपीको प्रयोग भने हिजो आज आधुनिकतासँगै हराउन पुगेको छ । तिहारमा उपहार दिंदा टोपीको विकल्पमा अन्य रुप आएका छन् । यसले पनि टोपीको प्रयोग विस्तारै हराउन थालेको महसुस गर्न थालिएको छ । टोपीको प्रयोग घट्दै गए पनि यसको पहिचान भने नेपालीले विर्सिएका छैनन् । टोपीको पहिचान कायम राख्नकै लागि सामाजिक सञ्जालबाट अभियान सूरु भएको हो । तर दिवसका दिन सामाजिक सञ्जालमा देखिएका कतिपय दृष्यहरु राष्ट्रियताप्रति ओतप्रोत भएर राखिएको देखिन्छ भने कतिपय दृष्यहरु देखाउनकै लागि पोष्ट गर्ने गरिएको साहित्यकार शिविका बस्नेत बताउँछिन् । अघिपछि टोपी नै नलगाउने व्यक्तिले वर्षको एक दिन टोपी लगाएर सामाजिक सञ्जालमा तस्वीर सार्वजनिक गर्नुले टोपीको अस्तित्व र पहिचानलाई स्वीकार गरे पनि त्यसको प्रयोगमा बेवास्त गरेको उनको बुझाई छ । नेपालीको पहिचानका रुपमा रहेको ढाका टोपी आधुनिकतासँगै हराउन थालेका बेला टोपी दिवस मनाउनु आफैमा राम्रो रहेको सामाजिक व्यक्तित्व सुरेश कर्मचार्य बताउँछन् । उनी भन्छन् "पहिले -पहिले बाबु बाजेले ढाका टोपी र दौरासुरुवाल लगाउने चलन थियो तर अहिले त्यो विस्तारै हराउदै गएको छ ।"

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### रेल दुर्घटना एकको मृत्यु

(रासस/एएफपी)

**लिमा,** पुस १६/पेरूमा भएको रेल दुर्घटनामा एक जनाको मृत्यु भएको र कम्तीमा ४० जना घाइते भएका छन् । मृतकमध्ये एक रेल चालक रहेको कुस्कोको प्रोसिक्युटर कार्यालयले पुष्टि गरेको छ । अधिकारीहरूले घाइते यात्रुहरूको पहिचान गरिरहेको बताएका छन् । धेरैजसो घाइते विदेशी पर्यटक हुन् र अधिकांशको अवस्था गम्भीर छ । घटनास्थलमा यात्रुहरूले पठाएका भिडियोमा घाइतेहरू रेल पटरिमा लेटेका देखिएका छन् । दुर्घटनास्थलमा एक दर्जन स्वास्थ्य सवारी र चिकित्सकहरू पुगेर उपचार सुरु गरेका थिए । प्रहरीहरूले हेल्मेट र उज्यालो रंगको ज्याकेट लगाएर घाइते यात्रुहरूलाई स्ट्रेचरमा राखेर उपचारका लागि सारिरहेका थिए । पर्यटन मन्त्रालयका अनुसार उक्त ऐतिहासिक स्थलमा दैनिक करिब चार हजार ५०० पर्यटक भ्रमणमा आउने गर्छन् । रेल सञ्चालन गर्ने निकायका अनुसार पेरूरेलको रेलले अर्को रेलसँग ओलान्तायटम्बो र पहाडमा रहेको प्रमुख स्थल जोड्ने एकल पटरिमा ठक्कर खाएको हो ।

**आगो, हिटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।**

-आगो तथा हिटर नजिकबाट नतापौं।

-कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हिटरको नजिक नराखौं।

-कोठामा आगो, हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।

-आगो तथा हिटर बन्द गरेर मात्र सुतौं।

-बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।

-बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हिटर नजिक एक्लै नछोडौं ।

-घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।

-आगो, हिटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# तीन दिनदेखि परेको शीतलहरबाट जनजीवन प्रभावित

**नवलपुर (नवलपरासी),** पुस १६/आइतबार साँझदेखि परेको शीतलहरका कारण नवलपुरको जनजीवन प्रभावित भएको छ । भित्री मधेसमा पर्ने यस जिल्लामा शनिबारदेखि घाम नलाग्दा जाडो बढेको भए पनि आइतबार साँझदेखि भने शीतलहरसँगै बाक्लो हुस्सु लाग्दा जनजीवन प्रभावित भएको हो ।

आइतबार रातिदेखि नै सिमसिम पानी परेको जस्तै गरी परेको शीतलहरका कारण अत्यधिक चिसो बढेपछि अत्यावश्यक कामबाहेक जिल्लावासी घरबाहिर निस्किएका छैनन् । स्थानीय बजारसमेत सुनसान बनेको व्यवसायीहरू बताउँछन् । गैँडाकोटका किराना व्यवसायी किशोर लम्सालले शीतलहरका कारण पसलमा उपभोक्ता थोरैमात्र आएका बताए । "चिसोका कारण मानिसहरू घरबाहिर निस्किएकै



छैनन्, पसल खोलेर बस्ने अवस्था मात्रै आएको छ", उनले भने, "शीतलहरका कारण चिसो एकदमै बढेको छ ।" चिसो बढेपछि मानिसहरूले चोकचोकमा आगो बालेर ताप्न थालेका छन् । यस वर्ष आइतबार साँझदेखि अलि धेरै चिसो बढेको भन्दै गैँडाकोट-२ का खगेन्द्र कँडेलले जाडो महिनाभर नगरवासीलाई आगो ताप्ने व्यवस्था गरिदिन स्थानीय सरकारलाई आग्रह गरे ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## टोपी दिवसको सन्दर्भ

**आज पुस १७ गते अर्थात् टोपी दिवस । नेपाली स्वाभिमान, सांस्कृतिक निरन्तरता र पहिचान संरक्षणका लागि यो दिवस महत्वपूर्ण बन्न पुगेको छ । नेपाल यसै पनि विभिन्न जातजाति, भेषभूषा र संस्कृति बोकेको बहुआयामिक मुलुक हो । पछिल्लो समय राष्ट्रिय भावनाले ओतप्रोत भएका युवाहरुले राष्ट्रियता र मुलुकको मौलिक विशेषता झल्काउने खालका कार्यक्रम गर्दै आएका छन् । विभिन्न संघसंस्था एवम् समुदायले विविध कार्यक्रमका साथ यो दिवस मनाउँदै आएका छन् । नेपाली टोपीको प्रयोगलाई संसारभर व्यापक बनाउने उद्देश्यले सन् २०१४ जनवरी अर्थात् २०७० पुस १७ गतेदेखि अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस मनाउन थालिएको हो । नेपालीहरूले हरेक अंग्रेजी वर्षको जनवरी १ तारिखमा यो दिवस मनाउने गर्दछन् । दिवस मनाउनुलाई सकारात्मक रुपमा लिनुपर्छ । तर पछिल्लो समय अंग्रेजी वर्ष मनाउन मरिहत्ते गर्ने नेपालीले आभ्नो मौलिक संस्कृति बिर्सदै गएको नेपाली नयाँ वर्षलाई महत्व नदिएबाटै प्रस्ट हुन्छ । जे होस् जस्तै भए पनि अंग्रेजी नयाँ वर्षकै दिन नेपालीहरुले टोपी दिवस मनाउनुलाई अन्यथा मान्नु हुँदैन । भलै, सामाजिक सञ्जालमा तस्बिर राख्न नै किन नहोस्, टोपी दिवस मनाउने युवा जमात बढिरहेको छ । टोपी नेपालीहरुको मौलिक पहिचान हो । ढाकाको कपडामा तयार पारिने टोपी पुरुषहरुले लगाउने एक प्रकारको टोपी हो । निदार सहति सम्पूर्ण टाउको ढाक्ने भएकोले पनि यसलाई ढाका टोपी भनिने जनविश्वास छ ।**

**टोपी लगाएर हिँड्दा नेपाली हुँ भन्ने छुट्टै गर्वानुभुति हुन्छ । दिवसका अवसरमा आज देशका विभिन्न स्थानमा टोपी लगाएर र्‍याली निकाल्दै छन् । पुराना पाका पुस्ताहरुमा सिमित रहेको ढाका टोपी पछिल्लो समय केही नयाँ पुस्ताका युवाहरुले समेत लगाउन थालेका छन् । यो ढाका टोपी दिवसको प्रभाव हो भन्दा फरक पर्दैन । दिवसले आभ्नो संस्कृति तथा संस्कारको संरक्षण गर्नमा ठूलो योगदान पुर्‍याएको छ । यसर्थ सबै नेपालीहरु स्वदेश-विदेश जो-जहाँ भए पनि राष्ट्रको सार्वभौमसत्ता जोगाउन, देशको स्थायित्वका लागि हिन्दुराष्ट्रसहित नेपालको राष्ट्रिय टोपी कायम राखी विश्वमा आभ्नो पहिचान कायम राख्न प्रतिबद्ध रहौं ।**

### Opinion @ Socia Network

सन्तान परदेशी बनाउन जन्माउँदैनन् आमाले
जस्तो सुख छ भने पनि, सुख पाउँदैनन् आमाले ।
*(मनिषा आलेको **फेसबुक स्टाटसबाट** www.facebook.com/Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राज्य र समाजबीच किन बढ्दैछ द्वन्द्व ?



**डा. दिपेश घिमिरे**

> ***समाज र समाजका अन्य व्यक्तिहरूको सोचाइ, चाहना, बुझाइ जुन तहमा अगाडि छ, राज्यको नेतृत्व गर्ने राजनीतिक दलका नेता, अझ त्यसमा पनि शीर्ष नेताहरूको बुझाइ, सोचाइ, चाहना निकै पछाडि छ । अर्थात् समाज निकै अगाडि र दलका नेता दशकौं पछाडि छन् । यसलाई बोलीचालीको भाषामा गाडा अगाडि र गोरु पछाडि पनि भन्न सकिन्छ ।***

वि.सं. २०७२ मा नेपालको संविधान जारी हुँदा तत्कालीन संविधानसभाका ९२ प्रतिशत भन्दा बढी सदस्यको हस्ताक्षर रहेको छ । जसमा दलित, जनजाति, पिछडिएको क्षेत्र, महिला, ब्राह्मण, क्षेत्री लगायतको प्रतिनिधित्व थियो । उक्त संविधानमा मधेशी दलबाट प्रतिनिधित्व गर्ने केही सदस्य बाहेक सबैले अपनत्व लिएका थिए । सहमतिका साथ हस्ताक्षर गरेर संविधान जारी गरेका थिए । एक दशक पनि नपुग्दै आफैंले वा आफ्नै प्रतिनिधिले हस्ताक्षर गरेर जारी गरेको संविधानसँग नागरिक असन्तुष्ट छन् । २००७ सालदेखिको नेपाली नागरिकको संविधानसभा मार्फत संविधान लेख्ने चाहना २०७२ मा आएर पूरा भएको हो । यो दिन र संविधानको लागि धेरै नेपाली नागरिकले ज्यान गुमाएका छन् । कति अझै पनि अंगभंग भएर अर्काको सहारामा चल्न विवश छन् । त्यसक्रममा राज्यले ठूलो मूल्य चुकाएको छ । हरेक वर्ग, क्षेत्र, लिंग, जातजातिका नागरिक आफ्ना प्रतिनिधिको सहभागितामा संविधान लेख्ने चाहनामा हाँसीहाँसी ज्यानको आहुति दिएका छन् । तिनैका प्रतिनिधिले लेखेको संविधानले यति छोटो समयमै के कारणले चाहना परिपूर्ति गर्नै नसक्ने अवस्थामा पुग्यो ? सात दशकको आम नेपालीको चाहना साकार पार्न योगदान गर्ने दलहरू एक दशक पनि नपुग्दै किन असान्दर्भिक जस्तो बन्न पुगे ! किन विभिन्न प्रश्नको घेरामा परे ? केही वर्ष अगाडिसम्म भगवान नै मानिएका केही नेताहरूप्रति अहिले किन यो तहको वितृष्णा बढेर गयो ? कुनै बेलामा यिनै दलका लागि जीवन आहुति दिन तयार भएकाहरू अहिले किन दलप्रति आक्रोशित बन्न पुगे ? यी र यस्ता गम्भीर प्रश्नको जवाफ नखोजिकन अब नेपाली समाज अगाडि बढ्नै नसक्ने अवस्थामा पुगेको छ । किन यस्तो अवस्थामा पुग्यो भन्ने बुझ्नको लागि राज्य र समाज बीचको संघर्षलाई समेटेर सन् १९८८ मा क्याम्ब्रिज विश्वविद्यालयले प्रकाशित गरेको जोल एस मिग्डलको पुस्तक 'स्टेट इन सोसाइटी' महत्वपूर्ण सन्दर्भ सामग्री हो । उक्त पुस्तकले राज्य र समाज बीचको संघर्षपूर्ण सम्बन्ध, यसका तत्वहरूका बारे व्याख्या गरेको छ । मिग्डलका अनुसार कुनै पनि राज्यको प्रकृतिलाई समाजको चरित्रबाट छुट्याएर हेर्न सकिन्न । साथै कुनै पनि बलियो र प्रभावकारी राज्यको उदय सोही अनुसारका सामाजिक नियन्त्रण माध्यमहरू मार्फत मात्र सम्भव हुन्छ । तर आफ्नो क्षमता विना नै राज्यले समाजलाई जबर्जस्ती नियन्त्रण गर्न थाल्दा राज्य र समाज बीच द्वन्द्व सृजना हुन्छ । मिग्डलका अनुसार राज्यको सबैभन्दा ठूलो क्षमता भनेको समाजलाई आफ्नो आवश्यकता अनुसार परिचालन गर्न सक्नु हो । संसारका हरेक राज्यसँग समाज र यसका सदस्यहरूलाई परिचालन गर्ने राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक संयन्त्रहरू हुन्छन् । मानव तथा अन्य भौतिक स्रोतको परिचालन गर्दै यस्ता संयन्त्रलाई सञ्चालन गर्न सकिन्छ । तर धेरै देशले बलियो पुलिस तथा आर्मी, कर संकलनका संयन्त्र तथा न्यायिक निकायहरूलाई मात्र बढी मात्रामा परिचालन गरेर समाजलाई नियन्त्रणमा राख्ने प्रयास गरिरहेका हुन्छन् । तर यस्ता संयन्त्रको परिचालनले मात्र प्रभावकारी रूपमा समाज नियन्त्रण सम्भव नहुने उनको दृष्टिकोण छ । सामाजिक नियन्त्रणको लागि राज्यसँग सांकेतिक, भौतिक, औपचारिक, अनौपचारिक लगायत विभिन्न संयन्त्र रहेका हुन्छन् । यसैगरी राज्यले समाजलाई परिचालन गर्ने सन्दर्भमा राज्य र यसको नेतृत्व गरेका नेताहरूको क्षमता कस्तो छ ? सामाजिक नियन्त्रणको लागि कस्ता किसिमका नियम तथा कानून बनाउँछ भन्ने सवाल निकै महत्वपूर्ण हुन्छ । राज्यले समाजलाई नियन्त्रण गर्ने सन्दर्भमा बनेका नीति-नियम र कानूनहरू समाजका सदस्यको अपेक्षा अनुसार निर्माण भएनन् भने त्यसले द्वन्द्व र संघर्षलाई निम्त्याउँदछ । राज्यभन्दा समाज अघि-अघि भए र आफ्नो अपेक्षा तथा चाहना पुरातन सोचाइका राज्यका नेतृत्वबाट सम्भव छैन भन्ने समाजका सदस्यले बुझे भने विभिन्न आन्दोलन, संघर्ष, विद्रोहको माध्यम मार्फत राज्यका नेतृत्व विरुद्ध धावा बोल्छन्, असन्तुष्टि पोख्छन् र परिवर्तन खोज्छन् । भदौ २३ को जेनजी आन्दोलन पनि नवयुवाले राज्यका पुरातन नेताबाट आफ्नो चाहना तथा अपेक्षा पूरा हुँदैन भनेर दिएको सन्देश नै हो । मिग्डलको निष्कर्षमा राज्य, राज्यसंयन्त्र, राज्यका नेताहरू कमजोर र पुरातनवादी भए भने राज्यले सामाजिक नियन्त्रण गर्न सक्दैन । समाजलाई नियन्त्रणमा राख्न सक्दैन । कुनै पनि समाजमा यदि सामाजिक नियन्त्रणको अभाव भयो भने समाज र यसका सदस्यहरू जहिल्यै पनि राज्य संयन्त्रको विरुद्धमा संघर्ष गर्न तत्पर हुन्छन् । उनको निष्कर्ष छ, 'राज्य र समाजको संघर्षमा यदि राज्यभन्दा समाज अगाडि भयो भने विद्यमान राज्यबाट आफ्ना अपेक्षा वा चाहनाको परिपूर्ति हुन सक्दैन भन्ने बुझेर समाज र यसका सदस्यहरू संघर्ष गर्न अगाडि सर्छन् ।'

तेस्रो विश्वका अधिकांश देशहरूमा समाज र यसका सदस्यहरू निकै अगाडि छन्, राज्य संयन्त्र र यसलाई नेतृत्व गर्नेहरू निकै पछाडि अर्थात् पुरातन छन् । राज्यले समाजमाथिको आनो नियन्त्रण गुमाउँदछ । तेस्रो विश्वमा भइरहेका संघर्ष, द्वन्द्व, युद्ध यसैको उपज हो । मिग्डलले आफ्नो पुस्तकमा भने जस्तै राज्य र समाजको बहस नेपालमा पनि सान्दर्भिक देखिन्छ । समाज र समाजका अन्य व्यक्तिहरूको सोचाइ, चाहना, बुझाइ जुन तहमा अगाडि छ, राज्यको नेतृत्व गर्ने राजनीतिक दलका नेता, अझ त्यसमा पनि शीर्ष नेताहरूको बुझाइ, सोचाइ, चाहना निकै पछाडि छ । अर्थात् समाज निकै अगाडि र दलका नेता दशकौं पछाडि छन् । यसलाई बोलीचालीको भाषामा गाडा अगाडि र गोरु पछाडि पनि भन्न सकिन्छ । उदाहरणको लागि तत्कालीन राजा ज्ञानेन्द्रलाई हेरौं । उनले नेपाली समाज र यसको पात्रलाई बुझ्नै सकेनन् । समाज २०६१ सालमा पुगिसक्दा पनि उनको बुझाइ २०१७ साल वरिपरिमै रुमल्लिरहेको थियो । २०८२ सालमा पुग्दा प्रमुख दलका शीर्ष नेताहरूको सोचाइ र बुझाइ २०४६ सालभन्दा अगाडि बढ्न सकेको छैन । अर्थात् राज्य र यसको नेतृत्व गर्ने नेताहरूको चेतना र बुझाइ पुरातन छ, तर समाज र यसका सदस्यहरूको सोचाइ, बुझाइ त्योभन्दा निकै अगाडि बढिसकेको छ । राज्य र यसका नेता अघि लागेर समाज र यसका सदस्यलाई दिशानिर्देश गर्ने र गति दिनुपर्ने हो । तर नेपालमा ठीक उल्टो भइरहेको छ । जनताले गणतन्त्र भनिसक्दा प्रमुख दलका शीर्ष नेताहरू बयलगाडावाला प्रवचन दिंदै थिए । जेनजी आन्दोलनले सत्ता ढलिसक्दा शीर्ष नेताहरू फुच्चाफुच्चीको खेल भन्दैछन् । यसले समाजका सदस्य र राज्यका नेताहरू बीचको बुझाइको दूरी र असमानतालाई स्पष्ट पार्दछ । राज्य र यसका नेता र नागरिक बीचको बुझाइमा रहेको यो तहको असमानताले संविधानसभा मार्फत बन्दै गरेको संविधानमा पनि प्रत्यक्ष प्रभाव पार्‍यो । नागरिक अत्यन्तै प्रगतिशील संविधान चाहन्थे । दलितले सार्वजनिक र निजी दुवै क्षेत्रमा भइरहेको विभेदको अन्त्य चाहन्थे । संविधानले सार्वजनिक क्षेत्रको विभेदलाई घटाएर निजी क्षेत्रमा ल्याएर छाडिदियो । दलित सन्तुष्ट हुने कुरै भएन । जनजातिहरू इतिहासदेखिको संरचनात्मक बहिष्करणलाई स्वशासनको माध्यमबाट हटाउन चाहन्थे । राज्यले त्यसलाई नजरअन्दाज गरिदियो । महिलाहरू सदियौंदेखिको बहिष्करण, हिंसा र असमानताको अन्त्य चाहन्थे । उनीहरूलाई केही प्रतिशत प्रतिनिधित्वको सुनिश्चितता गरेर मुखमा बुझो लगाइदिए । क्षेत्रगत बहिष्करणको दीर्घकालीन समाधान खोजिरहेका कर्णाली तथा मधेशका नागरिकलाई चित्तबुझ्दो जवाफ नै नदिइकन पुरातन नेताहरूले टालटुल पारेर अगाडि बढिदिए । जेनजीले राजनीतिक दलमा पुस्तान्तरण चाहेका थिए, नेताहरूले दलभित्रको आफ्नो गुटको बलमा आफैंलाई निर्वाचित गराएर वा आफू अध्यक्षबाट संयोजक बनेर वा अर्को नेतालाई कार्यवाहक तोकेर टालटुले समाधान गरिदिए । यसले अहिले पनि नागरिकका अपेक्षालाई पूरा गर्न सकेको जस्तो देखिंदैन । त्यसैले अहिले पनि नागरिकको आक्रोश थामिएको देखिंदैन । देशभरका युवापुस्ता बीचमा आक्रोश भित्रभित्रै भुसको आगो झैं सल्किएको देखिन्छ । जेनजीले राजनीतिक नेतृत्व प्रणालीगत रूपमा पुस्तान्तरण हुँदै जाने व्यवस्थाको अपेक्षा राखेका थिए । तर जीवनको अन्तिम घडीसम्म पनि उनीहरूले राजनीति छाड्नु नपर्ने प्रणाली बदल्न अहिले पनि कुनै ठोस प्रभावकारी कार्य हुनसकेको छैन । गणतन्त्रको नाममा आजीवन सत्ता र शक्तिमा रहने नवराजतन्त्र प्रणालीको अन्त्यको समाजको चाहना पूरा हुनसकेको छैन । नागरिक एउटा निश्चित प्रणाली बनाएर एउटा व्यक्ति निश्चित पटक भन्दा बढी राज्यसत्तामा जानै नपाउने गरी संवैधानिक सुनिश्चितता चाहन्छन् । तर बलियो गुट बनाउन सक्नेले आजीवन राज्यसत्तामा रहिरहन सक्ने पुरातन प्रणाली बदल्न राज्यले अझै पनि कार्य गर्न सकेको छैन । अहिलेको अवस्था हेर्दा राज्यले समाज र यसका सदस्यहरू माथिको सामाजिक नियन्त्रण गर्ने आधारहरू विस्तारै गुमाउँदै र भएका पनि निष्प्रभावी बन्दै गइरहेको देखिन्छ । यस्तो अवस्थामा सामाजिक नियन्त्रणलाई प्रभावकारी बनाउनको लागि समाज र यसका सदस्यहरूको सोचाइलाई ठम्याउँदै त्यही गतिमा अगाडि बढ्न सक्ने नयाँ नेतृत्व आवश्यक पर्दछ । नागरिकको चाहना र बुझाइको गति अनुसार संविधानलाई संशोधन गर्ने, अन्य नीति-नियम र कानूनहरू बनाउँदै राज्यलाई नागरिककै गतिमा दौडाउन सक्ने नेतृत्वले मात्र अहिलेको समस्याको हल गर्न सक्छ । अन्यथा दशकौं पुरातन सोचाइ र बुझाइ भएका नेताहरूले नै अग्रगामी सोच बोकेको समाजको नेतृत्व गर्ने दुष्प्रयास गरिरहने हो भने त्यसले गम्भीर दुष्परिणाम ल्याउने निश्चित छ । ***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कलात्मक कार्यमा मन जानेछ। आफ्नो व्यक्तित्वलाई निखार्ने समय रहेको छ। | **तुला** : आँटेको कार्य सिद्ध हुनेछ। नोकरी वा पेशामा कार्यको तारिफ हुनेछ। |
| **वृष** : प्रतिस्पर्धामा विजयी भइनेछ अरुको मद्दत गर्दै अगाडि बढ्न सकिनेछ। | **वृश्चिक** : परोपकारको लागि उत्तम समय रहेको छ। धार्मिक भ्रमणका योग छन्। |
| **मिथुन** :आर्थिक पक्ष सबल रहनेछ। विद्यार्थीहरूको शैक्षिक क्षेत्रमा प्रगति हुनेछ। | **धनु** : मन अशान्त रहनेछ। समस्या दर्शाउँदा सहयोगीहरूले साथ दिनेछन्। |
| **कर्कट** : आभूषणले सौन्दर्यमा निखार आउनेछ। दाम्पत्य जीवन सुखमय रहनेछ। | **मकर** : शैक्षिक क्षेत्रमा प्रगति हुनेछ। विद्यार्थीहरूको पठनपाठन मन लाग्नेछ। |
| **सिंह** : व्यक्तिगत विषयलाई लिएर खर्च बढ्नेछ। व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। | **कुम्भ** : अधिकार प्राप्तिको लागि संघर्ष गर्नुपर्ला। कुनै कुराले विवाद बढ्ला। |
| **कन्या** : सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। उत्तम भोजनको प्राप्ति हुनेछ। | **मीन** : पुरुषार्थल शत्रुको मनोबल कमजोर पार्न सकिनेछ। स्वास्थ्यले साथ दिनेछ। |




लक्ष्मीभक्त बासुकला

# नानीको होमवर्क र उसको निद्रा

नानीहरुको होमवर्क अहिले शिक्षाको अंग जस्तै बनेको छ छन् । बालकहरुको मस्तिष्कमा होमवर्कले अहम् भूमिका खेलेको हुन्छ । हुनत, होमवर्क सवैक्षेत्रहरुमा त्यतिकै अपरिहार्य बनिरहेका छन् । कुनै पनि समस्या वा द्वन्द्वको समाधानको प्रक्रिया पनि होमवर्ककै प्रतिफल हो । कुनै एउटा निर्णय गर्नु अगाडि होमवर्कको महत्व छ । तर शिक्षा क्षेत्रमा होमवर्क सही ढंगले प्रयोग भइरहेको छैन । यस क्षेत्रमा होमवर्कले बालक बालिकाहरुको निन्द्रालाई खलबल पुर्याउँदछ । अलिकति रमाइलो गर्न लागे कि नानीहरुलाई होमवर्क कै चिन्ता, टी भी हेर्न बसे पनि होमवर्क, साथीहरुसंग खेल्न लागेपनि होमवर्कको चिन्ताले पिरोल्दछ । हरेक अभिभावकको मुखमा नै होमवर्क, नानीहरुको सपनामा पनि होमवर्क, खाना खानेबेलामा पनि होमवर्ककै चिन्ता, लुगा लगाउन लगाउन खोज्यो कि होमवर्ककै चिन्ता हुन्छ । यसरी होमवर्क उनीहरुका लागि पढाइको स्तर बृद्धि गर्ने नभएर मानसिक तनावको प्रमुख कारण बन्छ । यसरी होमवर्कलाई आतंकको पर्यायवाची बनाइदिने प्रमुख व्यक्ति विद्यालयका सरमिसहरु नै हुन । नानीहरुका लागि होमवर्क पढाइको सशक्त माध्यम हो भन्ने कुरालाई नकार्न सकिदैन । असल र उचित होमवर्कले बालकलाई असल बनाउँछ । बोझिलो होमवर्कले उनीहरुको दिमागमा नकारात्मक असर पर्न सक्दछ । दिमागको नकारात्मक असरले शैक्षिक उन्नतिमा वितृष्णा पैदा हुने डर बढी रहन्छ । साथै बोझ, अनिद्रा, अस्वस्थकर बनाउँछ । उनीहरुले खास खास सिक्नुपर्ने कुरा पूरा मात्रामा नसिकिकन अधुरो सिक्दछन् । अधुरो शिक्षा हासिल गर्नु भनेको उच्च शिक्षा हासिल गर्न कठिन हुनु हो । त्यसैले होमवर्क दिँदा बालबालिकाहरुलाई असल खालको दिने गर्नु पर्दछ । नानीहरुलाई दिने होमवर्क कार्यमा सकारात्मक र नकारात्मक दुबै पक्षहरु हुन्छन् । विभिन्न अनुसन्धानबाट के कुरा प्रमाणित भइसकेको छ भने बढी होमवर्कमा जोतेको नानीहरुको मानसिक क्षमता अभिबृद्धि निकै पछि परेको पाइएको छ । साथै उनीहरुको सिर्जनात्मक र प्रबर्द्धनात्मक क्रियाकलाप बढी सक्षम नभएको कुरा प्रष्ट भएको छ । त्यसैले नानीहरुलाई होमवर्क दिँदा समयको ख्याल गरी बालमनोवैज्ञानिक आधारहरु अपनाउनु पर्ने जरुरी देखिन्छ ।

**बिदाको निम्ति होमवर्क**

प्रत्येक बर्ष विद्यालयहरुमा विदाहरु निश्चित अवधिमा गरिएको हुनुपर्छ । त्यसको निम्ती छुट्टै योजना र क्यालेण्डरकै जरुरत पर्दछ । तर हाम्रो देशको शैक्षिक क्यालेण्डरहरुमा तुलनात्मकरुपमा विरोधाभास देखिन्छ। सरकारी विद्यालयमा हिउँदे विदा १ महिनाको हुन्छ । तर प्राईभेट बोर्डिङ्गविद्यालयहरुमा १ हप्ता वा १० दिन मात्रै दिने चलन पनि छ । विदाको होडवाजीले पनि शैक्षिक स्तर अस्तव्यस्त छन् । त्यसैले सम्बन्धित निकायले शैक्षिकक्षेत्रको क्यालेण्डर बनाउँदा सरकारी र प्राईभेट बोडिङ्गमा एकरुपता ल्याउनु जरुरी पर्छ । उदाहरणको लागि, परीक्षा लिने, नतिजा प्रकाशित गर्ने, शैक्षिक सत्र सुरु गर्ने हिउँदे वा बर्षे विदाहरुमा एकरुपता आदि आदि । भौगोलिक विकटताले गर्दा अन्य कार्यक्रमहरु फरक भए पनि विदा, परीक्षा लिने, नतिजा प्रकाशित गर्ने, शैक्षिक सत्र सुरुवात गर्ने आदिमा एकरुपता हुनु जरुरी देखिन्छ । बर्षे विदा वा हिउँदे विदा हुनु भन्दा अघिल्लो दिन सबै नानीहरुलाई बढी भन्दा बढी होमवर्क दिएर व्यस्त गराउने प्रवृत्ति देखिएको छ । यस्तो कार्य ज्यादै नकारात्मक कुराभित्र पर्दछ । नानीहरुको कार्यक्षमता र समयबधीलाई ख्यालै नगरी हचुवाको भरमा होमवर्क दिने गर्नाले बालकहरुको मन मस्तिष्कमा नकारात्मक असरहरु पर्दछन् । जसको परिणामस्परुप उनीहरुको मनमा विकृति पैदा हनु सक्छ । अत: उनीहरुको समयको पावन्दी, क्षमता र आमोद प्रमोद गर्ने, साथीभाईसंग खेल्ने डुल्ने आदिलाई विचार पुर्‍याउनु पर्दछ । उनीहरुमा होमवर्क भनेको मेरो लागि हो, मैले होमवर्क गर्र्नुपर्छ, मेरो आफ्नो शैक्षिक उन्नति वा प्रगतिको लागि हो भन्ने अनुभूति जागृत गराउनु पर्दछ । होमवर्कको खास अर्थ र तात्पर्य पनि यही नै हुनुपर्छ । त्यसैले कुनै कुनै विद्यालयमा राम्रा नपढाइकन नानीहरुलाई बोझिलो किसिमको होमवर्क दिने गर्दछन् । जुन ज्यादै नकारात्मक छ । त्यस्तो कुरालाई नियन्त्रण गर्न राज्यले नै कुनै ठोस नीति नियमहरु बनाउनु पर्छ । जुन नीति र कानुनले यस्तो व्यवहार गर्ने सम्बन्धित व्यक्तिलाई कुनै किसिमको दण्डा र सजायको भागिदार बनाउनु पर्दछ ताकि यस्तो नकारात्मक त्रियाकलापलाई हातोत्साही गरी नानीहरुलाई रमाइलो र मनोरञ्जनात्मक किसिमले आफ्नो प्रतिभा र खुबीलाई प्रस्फुट्न गर्न अवसरहरु प्रदान गर्न सकियोस् । त्यसको निमित्त होमवर्कको बारेमा ठोस अध्ययन र अनुसंन्धान गरी उचित निर्णय गर्ने बेला आइसकेको छ । विगतको तुलनामा आजभोलि शिक्षाको परिभाषामा निकै परिवर्तन आइसकेको छ । केही वर्ष अगाडि मात्रै कम्प्युटर शिक्षा कुन चराको नाम हो भन्ने व्यक्तिहरु आज त्यसको लागि हुरुक्क हुने भएका छन । कम्प्युटरको माध्यमले सारा विश्व नै साँघुरिएको छ । यस्को सहायताले कुनै पनि विषयबारेमा अध्ययन गर्नु परेमा इन्टरनेटको माध्यमद्वारा सारा विश्व र ब्रम्हाण्डको अध्ययन गर्न सजिलो भइसकेको छ । साथै खुल्ला विश्वविद्यालयको अवधारणाले मानिसहरुले आफ्नो घरमा बसी बसी विश्वविद्यालयका डिग्रीहरु प्राप्त गर्न सकिने अवस्था आइसकेको छ । यस्तो जमाना आइसक्दा पनि हाम्रो देशमा भने अध्यापन गर्ने तरिकाका उही पुराना शैली ज्यूँका त्यूँ छन् । शिक्षा “सबैको लागि“ सर्वसुलभ हुनुपर्छ भने अवधारणाबाट प्रेरित भई शिक्षाको बारेमा विभिन्न ठूलठूला अध्ययन-अनुसन्धानहरु भएका छन । तर शिक्षा निमुखा, गरीब समुदायको पहुँच भन्दा बाहिरको भैरहेका कुरा नकार्न सकिँदैन । अत: शिक्षालाई सर्वसुलभ बनाउन विभिन्न योजना परियोजनाले पनि उक्त समुदायका व्यक्तिहरुमा झिनो पनि असर पार्न सकेको छैन् । यस्को मुख्य कारक तत्वको रुपमा योजना कार्यान्वयन राम्ररी नहुनु, पुग्दो मात्रामा लगानी गर्न नसक्नु, बाल अधिकारलाई ख्याल नगर्नु, अनिवार्य शिक्षा लागु गर्न नसक्नुको कारणले पनि गरीबको रेखामुनिका समुदाय शिक्षाबाट अझै पनि बन्चित रहको पाईन्छ । के होमवर्क अनिवार्य र अपरिहार्य छ ? नानीहरुलाई होमवर्क अनिवार्य छ र उनीहरुको उमेर, स्तरलाई ध्यान दिएर होमवर्क दिनुपर्छ । होमर्वकले कति हदसम्म सकारात्मक पक्षलाई अगाल्छ भन्ने कुरालाई ख्याल राख्न जरुरी छ । यदि त्यसो गर्न सकेन भने नानीहरुमा प्रतिकुल असर पर्न जान्छ । शायद होमवर्कको प्रचलन परापूर्वकालदेखि नै भएको हुनु पर्छ । हाल होमवर्कको प्रचलन सरकारी विद्यालयमा भन्दा प्राईभेट बोर्डिङ्गस्कूलमा बढी देखिन्छ । बोर्डिङ्गस्कूलहरुमा विभिन्न किसिमका फिसहरु – महिना फिस, कम्प्युटर, पुस्तकालय, औषधि, युनिर्फम, खेलकुद आदि आदि र त्यति मात्रैले नपुगेर विभिन्न किसीमका अतिरिक्त शुल्कहरु पनि लगाउने गरिएको छ । यसरी अभिभावकले आफ्ना नानीहरुलाई बढी लगानी गरेपछि त्यसको प्रतिफल बढी अपेक्षा राख्ने गरेको छ । त्यस कारणले बोर्डीङ्गस्कूलहरुमा नानीहरुलाई बढी होमवर्क दिई बढी शैक्षिक अपेक्षा गर्ने गरिन्छ । जसले बालकहरुमा बढी बोझ पर्न गई सृजनात्मक र प्रबर्द्धनात्मक कार्यबाट बञ्चित हुन्छन् । मात्र उनीहरु घोकन्ती र अनुत्पादक शिक्षा हासिल गर्ने गर्दछन् । यस्तो शिक्षाले उनीहरुको मनमस्तिष्कमा शैक्षिक वितृष्णा पैदा भई समाजमा हुनुपर्ने क्रियाकलाप जस्तै आदर सदभावना सदाचार अनुशासन, सामाजिक रीतिरिवाज आदि आदिमा सकारात्मक भावना पैदा नहुन सक्छ । तैपनि अभिभावकहरुले यस्तो मनोवैज्ञानिक कुरालाई बेवास्ता गरी फोनमा वा विद्यालयमा गएर यति होमवर्क दिनुस है भनी नानीहरुलाई बढीभन्दा बढी होमवर्क दिन प्रेरित गर्दछन् । जुन सरासर गलत मानसिकता र बढी महत्वाकांक्षाका उदाहरण हुन् । अभिभावकहरु आृना नानीहरुलाई छिटोभन्दा छिटो धेरै पढेर ठूलो मान्छे बनोस् भन्ने गलत धारणाबाट ग्रस्त छन् । पढाइ भनृको कसैको प्रेसरले वा फोर्सले हुने कुरा होइन, त्यसको निम्ति उनीहरु भित्री आत्मादेखि जागृत हुनुपर्छ । त्यसको निम्ति शिक्षक, अभिभावक वा सम्बन्धित व्यक्तिले आवश्यक सहयोग पुर्‍याउनुपर्छ । अनी मात्र उनीहरुको शिक्षाप्रति सकारात्मक भई होमवर्कले व्यक्तिगत उन्नति र प्रगति गर्न सक्दछ । त्यसैले सिर्जनात्मक र प्रवर्द्धनात्मक कुराहरु सिक्नेतिर मोड्न सक्ने होमवर्कले शैक्षिक गुणस्तरलाई उच्च राख्न सक्ने कुरामा कुनै सन्देह रहँदैन। यिनै सबै कुराहरुलाई मध्यनजर राखी कार्य गरेमा होमवर्कले नानीहरुको निन्द्रामा कुनै किसिमको खलबल पुर्याउने छैन । सकारात्मक– नकारात्मक होमवर्कको असरहरु

सकारात्मक

१. उमेर अनुसारको होमवर्क दिनु पर्ने

२. किताबबाट सार्ने लेख्ने, मात्रै नभएर अन्य किसिमका होमवर्क दिनु पर्ने जस्तै: ढुङ्गा जम्मा गर्ने, पातहरु जम्मा गर्ते, चित्रहरु लेख्ने आदि ।

३.दैनिक आधा घण्टादेखि एक घण्टासम्मको मात्र होमवर्क दिने ।

४. सरल र बौद्धिक खालको हुनुपर्ने

५. सिर्जनात्मक र प्रवर्तनात्मक किसिमको हुनु पर्ने

६. थोरै र चुस्त दुरुस्त खालको हुनु पर्ने

७. शारीरिक अस्थिरता र मानसिक तनावरहित हुनु पर्ने ।

८. मनोरंञ्जनात्मक र ज्ञानबर्धक हुनु पर्ने । ***-रातोपाटी डटकम***

कथा ● सुरेश राई

# एउटा त्यस्तो हिउँदे बिदा !

“छ्या ! कति छिटै बिदा सकियो । हेर्दा हेर्दै फेरि काठमाडौं फर्कने बेला भैसकेछ,” बरन्डामा यसै ढल्केर सोचिरहेको थिएँ । आमाको आवाज आयो- “जेठा त्यो सुँगुरको खोरको भाटा कसिदे होइ । घरी न घरी उम्केर मेरो मास्सु खाइसक्यो ।” मैले ‘हुन्छ’ भनें । पर पूर्वतिर दिक्तेल बजारका घरहरू टल्किरहेका टाढैबाट देखिन्थे । जाडो खासै घटिसकेको थिएन । हुन त पूर्वबाट आउने चिसो सिरेटो दिक्तेल लगायत हाम्रो गाउँसम्मै लडिझर्नु अगाडि नै ट्याम्के डाँडाले पक्रेर राख्थ्यो । नत्र त झन कति जाडो हुन्थ्यो होला हगि ? मैले आफैसँग सोधेँ । गाउँका चिचिभुँडीहरू भेला भएर हाम्रो खलाको परालभित्र गुफा बनाएर लुकामारी खेल्दै थिए । बरन्डासम्मै फेरि आमाको स्वर उक्लियो, “लु भो, आबो नखेल । मार्की लाग्छ क्या परालको धुलोले ! बिखालु पो हुन्च त परालको धुलो ता ।” खितिति हाँस्दै ती सबै त्यहाँबाट भागे । शहरी वातावरणमा म अझै अभ्यस्त भएको थिइनँ । मेरो मन सधैं हरितक्रान्तिले ढाकिएको प्राणमा त्राण भरिदिने यही गाउँमा नै हुन्थ्यो । म यहाँ पदार्थ पदार्थमा अपनत्व पाउँछु । हिउँदमा काठमाडौंको जाडोले पनि राम्ररी नै खेदो लाउँछ । ती बिराना मिरमिरेहरू । ती ओस लागेका चिसा गल्लीहरू । ती सडकहरू जहाँ मुसा मोटरले बीभत्स किचिएर वातावरणमा दुर्गन्ध फैलाउँछ । ती सबैसबैबाट म अहिले टाढा आएको छु । यति सम्झँदा मात्रै पनि मन आनन्दले झुम्छ । सम्झन्छु - यति बेला त शहरको जाडो पनि उखुपातै हो । जाडोले निदाउन नसकेर सडकहरू आँखाभरी विष जमाएर यसै ढल्किरहेका हुन्छन् । घरहरू अनिदा हुन्छन् । प्रत्येक अनिदा घरका झ्यालबाट बिहान झिसमिसेमा अलाराम घडीका थरीथरी आवाजहरू हाम फाल्दै गल्लीसडकका छातीमा पछारिन्छन् । त्यसपछि बल्ल पत्रिका बेच्नेहरू, कलेज पढ्ने केटाकेटीहरू, चिया चुरोट बेच्ने साउजीहरू र अन्य जागीरेहरू अल्छे चालमा उठ्दछन् । ठन्डी मौसममा मलाई ती कलेजका केटाहरू ज्यादै आकर्षक लाग्थे जो आफ्नो गर्लफ्रेन्डका मजेत्रो ओढेर निस्फिक्री फुसफुस चुरोट तान्दै सडकमा देखा पर्दथे । “छाउरी च्यो.. च्यो.. । हिज कहाँ गाको थिस् हँ ?” तल आमाको स्वरले फेरि मेरो सोचाइ भङ्ग भयो । घरमा एउटा कालो रङ्गको छाउरी कुकुर छ । त्यसको नामै छाउरी रहन गएको छ । त्यो हिजदेखि गायब थियो । शायद भर्खरै मात्र फर्कियो र आमा त्यसमाथि रोष प्रकट गरिरहनु भएको छ । ‘हेर् बबीहाङ । अब फेरि उतै फर्कनुपर्छ ।’ सम्झेर मन उसैउसै भारी भएर आयो । कान्छाले बिँडी सल्कायो । हावामा बिँडीको खरो गन्ध सरर फैलियो । उसको उमेर मुश्किलले बाह्र/तेह्र हुँदो हो । छड्के पारेर लाएको धुस्रे टोपीले कान्छालाई कत्ति पनि सुहाएको थिएन । बरु उमेर ज्यादा देखिएको थियो । झमक्क रात परिसकेको थियो । “घुँडा काटिस् त कान्छा !” सत्तुले भन्यो । ठ्याक्कै त्यही बेला अचानोमा कान्छा भालेको घुँडा टुर्क्याउँदै रहेछ । ऊ फुर्केर बोल्यो, “काट्छु त दाजै, म ता घुँडासुँडा घाँटीसाँटी सब काट्छु त !” “अरे मेरो घुँडा पो भनेको हौ कान्छा !” छेउमा टुक्रुक्क बसेर टर्च लाइट देखाउँदै गरेको सत्तुले भन्यो । खुकुरीको टुप्पोले उसको दायाँ घुँडालाई छ्यास्स छोएछ । सुरुवाल काटिएर मासुसम्मै भेटेछ । मैले हाँसो थाम्न सकिनँ । अरू पनि गलल हाँसे । “लाकक..! सारै काटेछु दाजै ?” कान्छा आत्तियो र सत्तुको घुँडानिर उसका चिम्सा निर्दोष आँखा पुर्‍याएर हेर्न थाल्यो । रगत बग्न नदिन दुई औंलाले घुँडाको चोट थिच्दै सत्तुले भन्यो, “छ्यास्स पारिस् नि हौ कान्छा ! भैगो तँ भाले काट् म मेरो खुन रोक्छु ।” फेरि सबै जना एक फेर गलल हाँसे । त्यही बीच सत्तुकी बहिनीले आँगनछेउबाट कुनै झारको पत्ता चुँडालेर ल्याई र दाजुको घुँडाको चोटमा केही थोपा चुहाइदिई । रातको अँध्यारोमा झलल बलिरहेको राँको बोकेर सुबेदार चन्द्रध्वज काका कुखुरा काट्ने कार्यक्रम चलिरहेको आँगनमा आइपुगे । आँगनको भुइँमा राँको झोसेर निभाए अनि आफ्नो गोलाकार छत्रे टोपी मिलाउँदै फौजी भाँतीमा बाहिरबाटै ठूलो स्वरले आदेश दिए, “ए सत्तेहाङको आमा, लु एक डबका जाँड बनाऊ त ।” भित्रबाट चर्को स्त्री आवाजमा तुरुन्तै तीर जस्तै जवाफ फर्कियो, “दिनभर गाउँ डुलुवालाई रातीराती के को जाँड ?” चन्द्रध्वज काका सिकुवामा आएर मसँगै खाटमा बस्दै भन्नु भो, “तँ त राम्रो पढिस् बबी । एसएलसी सकेर काठमाडौं पुगिस् । हाम्रो सत्तुहाङ त लठुवा भो । दुई दुई पल्ट एसएलसीमा गुल्टियो । बन्दुक बोकेर कालिज मार्न कुदिहिन्छ । कुन दिन माउवादीले भेट्छ कि सेनाले भेट्छ त्यसपछि फेला पर्छ । सेनालाई बन्दुक बुझाइहाल् भनेको मान्दैन ।” हाम्रो गफ सुनिरहेको सत्तु आँगनबाटै करायो, “मैले चार पाथी धानमा किनेको बन्दुक म किना आर्मीलाई दिन्चु ? दिन्नाँ । मेरो बन्दुक हो । ब्यारेकमा बुझाउनु भन्ने बित्तिकै बुझाउँचु ? मेरो बन्दुक मेरो खुशी ।” भारतीय सेनामा सुबेदार भएर सेवानिवृत्त हुनुभएका चन्द्रध्वज काका छोरा सत्तुहाङको कुरा सुनेर भने सिपाही झैँ लुत्रुक्क परे । परिवारमा जब छोरो बढ्दै जान्छ पिताको सत्ता स्वत: धरापमा पर्न शुरू हुन्छ र यो नै एक खाले प्राकृतिक सामाजिक नियम हो । त्यसपछि सत्तु मतिर फर्कियो । “ओइ बबी तँ काठमान्डुमा कहाँ बस्चस् अरे ?” “बानेश्वर !” “ए..! हाम्रो स्कुलको हेडमास्टरको नाम थानेश्वर तँ बस्ने बानेश्वर,” सत्तु फेरि एक हफ ह ह ह गरेर हाँस्यो । मासु सबै टुर्क्याइसकिवरि कान्छाले हात धुँदै मलाई खिज्याउँदै सोध्यो, “अनि हाम्रो बबी दाजैलाई ता कुखा काट्न पनि आउँदैना पो थ्यो नि ? काठमाडौंमा कुखा काट्न सिक्नु भो कि दाजै ?” मैले थोरै अप्ठ्यारो मान्दै काठमाडौंमा कुखुरा काट्न नपर्ने बरु चोकचोकमा कुखुराको मासु पसल भएको कुरा बताएँ । सत्तुले त्यसमा पनि मलाई बाँकी छोडेन र भन्यो, “यसको घरमा पछि यसको स्वास्नीले काट्छ कुखा ।” भालेको मासु पाक्यो । भान्साबाट मगमग वासना बाहिरियो । हामी हात धोएर भुइँमा लहरै गुन्द्रीमाथि बिछ्याइएको राडीमा बस्यौं । भित्तामा झुन्ड्याइएका ठूला ठूला दुई खड्कुला, लहरै मिलाएर राखिएका तामे र पित्तले गाग्रीहरू, आम्खोरा र करुवाहरू मलाई सबैसबै प्रिय लागे । यो त्यही घर हो जहाँ म सत्तुसँग खेल्दै हुर्किएँ । सयौं पटक बास बसें । सत्तुको भागको खाजा उसिनेको इस्कुस र सुठुनी सयौं पटक बाँडेर खाएँ । यस घरमा मलाई सुकिरहेको सुकुटी थुतेर पोलिखान कसैलाई सोध्नु परेन । आज त्यही घरमा म पाहुना बनेर खाना खान निम्त्याइएको छु । मलाई एक खालको बेग्लै आनन्दको अनुभूति भैरहेको थियो । मनमनै भनें, “कि त अब म ठूलो भैसकें । कि त काठमान्डु खत्रै रैछ र मलाई मेरै गाउँमा पाहुना बनाइदियो । आहा !” खाना खाने बात मार्ने सम्पूर्ण काम सिद्धिएपछि कान्छाले सुबेदार काकासँग एक खिल्ली बिँडी माग्यो । भान्साबाट एउटा अगुल्टो झिकेर ल्यायो र त्यसैमा झोसेर सल्कायो । एक पटक हावामा फेरि बिँडीको तीखो गन्ध सरर फैलियो । “लु है म चाहिँ लागे । भोलि ब्यानै फेरि बिजुलीको पोल खन्न जानु छ,” अगुल्टो दायाँबायाँ हल्लाउँदै कान्छा उकालो लागी पनि हाल्यो । गाउँघरमा बिजुलीको खम्बा गाड्ने काम चलिरहेको थियो । त्यसबाट आजकल दुईचार पैसा कमाइरहेका थिए गाउँका जवानहरूले । अब छिट्टै ती पोलहरूमा तार टाँगिनेछन् रे । त्यसपछि ठूला ट्रन्सफर्मरहरू ल्याइनेछन् रे । अनि त गाउँ दिनरात झिलिमिली हुनेछ रे । रेमाथि रेका कुरा थपिँदै गएका थिए गाउँमा । कतिसम्म भने अब बिजुलीबत्ती आएपछि जंगल पनि झिलिमिली पारिनेछ रे । त्यसपछि सेनाले खोजीखोजी माओवादीहरू सफाचट पार्नेछ रे । मेरो हातमा पनि अगुल्टो थमाउँदै मलाई बिदा दिइयो । मलाई कताकता आज यतै सुतौं न भनिदेओस् सत्तुले जस्तो लागेको थियो तर त्यस्तो भएन । मेरो घर जाने बाटो सम्झेर मात्रै पनि मेरो मन एक खेपलाई जोडले काँप्यो । मैले चेतना पाएँ कि बिजुवा खोलापारि छ मेरो घर । त्यो अँध्यारो बिजुवा खोला तर्नु छ । अलि पर कटुवाल धारा भनिने सानो ढुंगे धारा छ जहाँनेर किम्बुको बूढो रूख छ । त्यस रूखमा बेलाबेला तर्साउँछ भन्ने कुरा मैले सानैदेखि सुनेको हो । मलाई तुरुन्तै एक किसिमको सन्त्रासले छोपेर ल्यायो । तर के गर्नु ? त्यति सानो उमेरको कान्छा त नडराई एक्लै बाटो लाग्यो । त्यसमाथि उसको घर त मेरोभन्दा अझै टाढा निकै माथि लेकमै पर्थ्यो । एउटा उत्तिसघारी र अर्को पात्लेको सानो जंगलै पार गरेर उसको घर पुगिन्थ्यो । एक मन मलाई खिन्न खिन्न जस्तो पनि लागेर आयो । शायद हुर्कनु, बढ्नु र ठूलो हुनु भनेको सानोमा जस्तो सँगै नाङ्गिनु एकै थालमा खानु अथवा सँगै एउटै सिरक ओढेर सुत्नु होइन रहेछ । म हिउँ जस्तो चिसो महसूस गर्दै बिदा भै निस्किएँ । मेरो आङ त्यसै त्यसै जर्कियो । अगुल्टोलाई दायाँबायाँ हल्लाउँदै र बाटो ठम्याउँदै म बिजुवा खोलातिर लागेँ । बिहानै जोडी शङ्खको विरक्तलाग्दो आवाजले म ब्युँझिएँ । सधैं हो भने म सामान्यतया भालेको डाक्ले ब्युँझन्थेँ । बिहानैको त्यो शोकधूनले मनभित्र चिसो पस्यो । ‘को खसेछ हँ ?’ म आवाज आएको दिशामा लम्किएँ । त्यो आवाज खत्रीगाउँतर्फ सोझियो । मैले टाढैबाट देखेँ भानु खत्रीको आँगनमा मानिसहरूको भीड थियो । म पुग्दा खत्री दाजुभाइहरूको रुवाबासी थियो । हाम्रो राई गाउँबाट पनि मानिसहरू भेला हुँदै गएका थिए । सत्तु, सुबेदार काका, कान्छा, लोकुहरू पहिले नै पुगिसकेका रहेछन् । मृतक भानु बडाको लास हरियो बाँसमा राखिएको थियो । घाँटीदेखि मुनि सेतो कात्रोले ढाकिएको थियो । मानिसहरू त्यहाँ केही रहस्यमयी खस्याकखुसुक गर्दै थिए । एक जना काका बोले, “बिरामी भए पनि रातिसम्म बूढा बाँच्ने साहस गर्दै थिए । अचानक कताबाट एक्ले स्याल बास्न थालेपछि पो बूढाले हरेस खाए ।“ खत्रीनी बोजु रोएर आफैलाई बगाउन लागिपरेकी थिइन् । रुँदै कुरा थपिन्, “एक्ले स्याल बासेको सारै नजाती हो । गाउँमा ज्यान जान्छ जान्छ ।” मलाई कुरा सुनेर भित्रभित्रै असजिलो लाग्न थालिसकेको थियो । एकै छिनमा एक्ले स्यालको कुरा प्लेग जस्तै फैलियो । भेला भएका जम्मैको मुखभरी एक्ले स्याल बासेकै कुरा झुन्डिएको थियो । सबै भन्न लागे -“एक्ले स्याल अपशकुन हो ।

***-साहित्यपोस्ट डटकम***

# राष्ट्रिय पोशाक दिवस मनाइँदै




**पाल्पा,** पुस १६/राष्ट्रिय पोशाक दिवस आज विभिन्न कार्यक्रम गरि मनाइँदै छ । राष्ट्रिय पोशाक दिवस नेपालमा मात्र नभई विश्वभरि छरिएर रहेका नेपालीहरूले हरेक वर्ष पौष १७ गते भव्यताका साथ मनाउँदै आई रहेका छन् ।

"मेरो शान,मेरो पहिचान,राष्ट्रिय पोशाक संरक्षण महाअभियान" भन्ने मूल नारा लिएर वि.सं. २०७० बाट काभ्रेपलान्चोक जिल्लाको बनेपाबाट सुरुवात गरिएको यो दिवस नेपाली पोशाकको संरक्षण र नेपालीपनको गौरव दुबैलाई सगरमाथाको शिखर झैँ अटल राख्न यस दिवसको विशेष महत्व रहेको छ । राष्ट्रिय पोशाक दिवसको सुरुवात गर्नुको मुख्य कारण विदेशी संस्कृतिले नेपाली धर्म,संस्कृति,चाडपर्वलाई समेत नष्ट पार्ने हुनाले यसैको प्रतिकार स्वरूप यो अभियानको सुरुवात भएको हो । विगतका विभिन्न क्रान्तिहरूमा नेपालको राष्ट्रिय धरोहर,सम्पदा,चाडपर्वको इतिहास सकिए,विभिन्न जातिका पोशाक,रीतिरिवाज समाप्त भए त्यसै गरी नेपालीहरूको विश्वमा पृथक् र सर्वश्रेष्ठ रूपमा हेरिएको दौरा सुरुवाल,ढाका टोपी,गुन्यू चोली जसलाई नेपालको औपचारिक पोशाकको रूपमा हेरिन्छ । त्यसै तथ्यलाई आत्मसाथ गर्दै नेपालको अन्तर्राष्ट्रिय पहिचानको रूपमा रहेको राष्ट्रिय पोशाक (दौरा सुरुवाल,टोपी,गुन्यू चोली) लाई सरकारले औपचारिक पोशाक घोषणा गर्दै सम्मान दिनुपर्ने यो अभियानको उद्देश्य हो । राष्ट्रिय पोसाक संरक्षण महाअभियान नेपालले राष्ट्रिय पोसाक संरक्षणको पहल गरियोस् भन्दै विगत १२ वर्ष देखी निरन्तर सम्बन्धित निकायहरूमा पैरवी गर्दै आएका छन्। पछिल्लो समय नेपाली युवाहरुले नेपाली चाडपर्व र मौलिक परम्पराहरु बिर्संदै गएका छन् । पश्चिमा संस्कृतिको अनुसरण गर्दैगर्दा नेपालीपन बिर्संदै जानु विडम्बनाको विषय हो । कुनै पनि संस्कृतिको अनुसरण गर्नु अनुचित होइन । तर, कसैको संस्कृतिप्रति लालायित बन्दै गर्दा आफ्नो पहिचान र संस्कृति पनि कदापि भुल्नुहुँदैन । जनवरी १ लाई अङ्ग्रेजी नयाँ वर्षका रुपमा मनाउने युवापुस्ताले आफ्नो मौलिक संस्कृतिप्रति पनि बेवास्ता गर्नुहुँदैन । नेपालीको पहिचान झल्किने पोसाक र ढाका टोपी लगाउँदा हाम्रो राष्ट्रियतामात्रै झल्किएको हुँदैन, विश्वसामु आफ्नो संस्कृतिको सकारात्मक सन्देशसमेत प्रवाहित भएको हुन्छ ।

## तीन दिनदेखि परेको...

..."जाडोमा राज्यले हामीलाई उपेक्षा गरेको छ, वन र पालिकालेसमेत आवश्यक सहयोग गरेका छैनन्", उनले भने, "राज्यले एउटा मुढा दिएर उत्पातै गरेकोजस्तो गरेको छ, सामुदायिक वनको हालत पनि उस्तै हो ।" सामुदायिक वनले पनि उपभोक्तालाई एकदुइटा मुढामात्रै दिने गरेको भन्दै कँडेलले त्यो मुढा खासै प्रभावकारी नभएको बताए । "जाडो बढेपछि एक दिनमा दुईतीनवटा मुढा बलेर सकिन्छ", उनले भने, "वनले दिएको मुढा एक दिनलाई पनि पुग्दैन अरु दिनको जाडोमा के गर्ने ?" यो जाडो अझै बढेको अवस्थामा धेरै जिल्लावासीहरू निमोनियासहित चिसोका कारण लाग्ने रोगबाट प्रभावित हुनसक्ने कँडेलले बताए । चिसोका कारणा बालबालिका र ज्येष्ठ नागरिक बढी प्रभावित हुने गरेको उनको भनाइ छ । राज्यले नागरिकलाई चिसोबाट जोगाउन भूमिका खेल्नुपर्ने कँडेलको भनाइ छ । गैँडाकोट-१ का मनोज केसीले विगतमा भन्दा यस वर्ष शीतलहर लामो समय देखिएको बताए । "सोमबार राति त पानी नै परेको जसरी शीतलहर परेको थियो, जसले जाडो झनै बढाएको छ", उनले भने, "घाम नलागेको चार दिन भइसक्यो, यो अवस्था अझै कति दिन लम्बिने हो ।" चिसोले पाकाउमेरका मानिसलाई धेरै प्रभावित पार्ने गरेको भन्दै केसीले भने, "घरभित्र कति बस्नु बाहिर निस्किए जाडो हुन्छ, आगो ताप्ने र बस्ने ठाउँको व्यवस्कथा गरिदिए जाडोमा पनि न्यानो अनुभूति गर्न पाइन्थ्यो ।" नवलपुरका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले जाडोमा दाउरा वितरण गर्नका लागि वनमा पर्याप्त मात्रामा दाउरा रहेको बताए । "जाडो बढेपछि हामीले जिल्लाका पालिकहरूलाई पत्राचार गरेर दाउरा माग्न अनुरोध गरेका छौँ", उनले भने, "अहिलेसम्म कुनै पनि पालिकाले यति दाउरा वा मुढा चाहियो भनेर हामीसँग माग गर्नुभएको छैन ।" जिल्ला प्रशासन कार्यालयले सिधै जनतासँग पुगेर दाउरा बाँड्नेभन्दा पनि पालिकासँग सहकार्य गरेर सहजीकरण गरिदिने रानाको भनाइ छ । "हामीले धेरै सेवाग्राही पुग्ने सरकारी कार्यालयमा दाउरा वितरण गरिसकेका छौँ, त्यहाँ पुग्ने सेवाग्राहीलाई आगो ताप्ने व्यवस्था गरिएको छ", उनले भने, "चोकचोकमा आगो बाल्नका लागि पालिकाले मागेमा आवश्यकताअनुसार दाउरा उपलब्ध गराउँछौँ ।" शीतलहर तथा जाडोबाट जिल्लावासीलाई जोगाउनका लागि आफूहरूले कार्ययोजना बनाएरै काम गरिरहेको उनले बताए । *-रासस*

## टोपी दिवस...

...एक दिन टोपी लगाएर सामाजिक सञ्जालमा तस्वीरहरु राख्दैमा पहिचान कायम हुन्छ भन्नु हाँस्यस्पद रहेको कर्मचार्य बताउँछन् । उनी भन्छन् "साच्चिकै पहिचानलाई कायम राख्ने नै हो भने टोपी वर्षमा एक पटक होइन सधै भरि नै लागाउनुपर्छ ।" टोपी दिवसका अवसरमा सामाजिक सञ्जालमा आफ्नो तस्वीर शेयर गर्नेमध्ये प्राय:ले यसलाई नेपाली कला, संस्कृति र मौलिकता जोगाउने अभियानका रूपमा लिने गरेका छन् । डा. बाबुराम भट्टराईको सरकाले २०६८ सालमा राष्ट्रिय पोशाकलाई हटाईदिए पछि राष्ट्रिय भावले ओतप्रोत भएका युवामा राष्ट्रियता जागेको थियो । विगतमा औपचारिक कार्यक्रम गरी दिवस मनाइए पनि यस वर्ष कोभिडका पछिल्ला वर्षमा भने हुन छोडेका छन् । ढाका टोपीको इतिहासलाई हेर्दा भारतमा ब्रिटिस साम्राज्यको राजकाजबाट हेर्नुपर्ने हुन्छ । त्यस समयमा भारतमै रहेको बङ्लादेशमा निर्माण हुने टोपीको कपडा बंङ्गलादेशको ढाकामा बन्ने गर्दथ्यो जसलाई नेपालसम्म आयात गरिन्थ्यो । क्रमश: ढाकामा बनेको यस टोपीलाई ढाका टोपी भनिन थाल्यो, यही टोपी नेपाली शानको पर्याय हुन गएको हो । नेपालका हरेक विवाह अनि समारोहमा ढाकाका कपडा, टोपी एवं चप्पल पवित्र एवं सम्मानजनक मानिन्छन् ।

### खेलकुद समाचार

## एनभीए भलिबलको सेमिफाइनल शुक्रबार हुने



**काठमाडौ,** पुस १६/नवौं एनभीए महिला तथा पुरुष भलिबल च्याम्पियनशिपमा महिलातर्फ समूह चरणका खेलहरू सकिएका छन् । त्रिपुरेश्वरमा रहेको राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको पहिलो खेलमा नेपाल पुलिस क्लबले मधेश प्रदेशलाई ३-० को सोझो सेटमा हराउँदै समूह विजेता बन्यो । पुलिसले पहिलो सेट २५-३, दोस्रो सेट २५-८ र तेस्रो सेट २५-९ ले जित्यो । यस्तै दोस्रो खेलमा एभरेस्ट भलिबल क्लबले चुली युवा क्लबलाई ३-० को सोझो सेटमा हराउँदै सान्त्वना जीत हासिल गर्यो । एभरेस्टले पहिलो सेट २५-१४, दोस्रो सेट २५-५ र तेस्रो सेट २५-११ ले जित्यो । अब आउँदो शुक्रवार सेमिफाइनल खेल हुनेछन् । पहिलो सेमिफाइनलमा समूह 'ए' को विजेता न्यु डायमन्ड युथ स्पोर्ट्स क्लब र समूह 'बी' को उपविजेता नेपाल एपीएफ क्लब खेल्नेछन् । यस्तै दोस्रो सेमिफाइनलमा समूह 'बी' को विजेता पुलिस र समूह 'ए' को उपविजेता त्रिभुवन आर्मी क्लब खेल्नेछन् । प्रतियोगिताको पुरुषतर्फ समूह चरणको अन्तिम खेलमा बूढानीलकण्ठ भलिबल क्लब र जावलाखेल भलिबल ट्रेनिङ सेन्टर तथा कोशी प्रदेश र कीर्तिपुर भलिबल ट्रेनिङ सेन्टर खेल्दैछन् । एनभीए महिला तथा पुरुष भलिबल च्याम्पियनशिपको फाइनल खेल आउँदो शनिवार हुनेछ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## दोहोरो अंकले बढ्यो नेप्से



**पाल्पा,** पुस १६/बुधबार नेप्से परिसूचक दोहोरो अंकले बढेर बन्द भएको छ । नेप्से परिसूचक १० दशमलव ८७ अंकले बढेर २ हजार ६ सय ३३ दशमलव ७६ विन्दुमा पुगेको हो ।

सेन्सेटिभ इण्डेक्स ० दशमलव ३१ अंकले बढरेर ४ सय ५६ दशमलव ७३ विन्दुमा अडिएको छ । यसदिन ३ सय ४२ स्क्रिप्सको १ करोड १९ लाख ४६ हजार ३ सय ३३ कित्ता सेयर ५ अर्ब १३ करोड ४८ लाख ५० हजार ५२ रुपैयाँमा खरिदबिक्री भए । कारोबारमा सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा बढी उत्पादन तथा प्रशोधन समूह एक दशमलव ६१ प्रतिशतले बढेको छ । एसवाई प्यानल नेपाल लिमिटेड र नगदी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी ग्रीन भेन्चर लिमिटेडको रू १७ करोड ७९ लाख तीन हजार ४१३ बराबरको तीन लाख ४९ हजार ७४४ कित्ता शेयर किनबेच भएको छ । कारोबारमा आएकामध्ये १६३ वटा स्टक्सको मूल्य बढ्दा ८९ वटाको घट्यो । ८ स्टक्सको मूल्य भने स्थिर रह्यो । १३ वटै समूहको उपसूचकमा हरियाली छाएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई